एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल नेपाल

# एकतीसौं साधारण सभा

## नवलपरासी (सुस्ता पूर्व)

## २ पौष २०७९ (१७ डिसेम्बर २०२२)

# माइन्युट

**(आन्तरिक दस्तावेज-एम्नेस्टी नेपालका सदस्यहरूका लागि मात्र)**

मितिः २०७९/०९/०७

श्री नेसनल बोर्ड
एम्नेस्टी इन्टरनेसनल नेपाल,
एम्नेस्टी मार्ग, बालाजु, काठमाडौं।

**विषयः एकतीसौं साधारण सभाको माइन्युट पेश गरेको बारे।**

२०७९ पौष ०२ गते तदनुसार सन् २०२२ डिसेम्बर १७ मा नवलपरासी जिल्ला (सुस्ता पूर्व) को गैंडाकोट नगरपालिकामा सम्पन्न एम्नेस्टी इन्टरनेसनल नेपालको एकतीसौं साधारण सभाको छलफल तथा निर्णयहरूलाई लिपिबद्ध गरी माइन्युट तयार गर्ने प्रतिवेदकको गहन जिम्मेवारी सो साधारण सभाले हामी दुई जनालाई प्रदान गरेकोमा उक्त जिम्मेवारीको लागि प्रस्ताव गर्ने नेसनल बोर्ड तथा निर्णय गर्ने साधारण सभालाई धन्यवाद दिन चाहन्छौं।

उक्त साधारण सभामा भएका एजेण्डाअनुसारका छलफल र निर्णयहरूलाई लिपिबद्ध गरी तयार गरिएको व्यहोरा नेसनल बोर्डसमक्ष जानकारी गराउँदै साधारण सभाको सो माइन्युट यसैसाथ पेश गरेका छौं।

मिना थापा, समूह ८२
प्रतिवेदक, एकतीसौं साधारण सभा

सनम वली, त्रिचन्द्र युथ नेटवर्क
प्रतिवेदक, एकतीसौं साधारण सभा

# ३१ औं साधारण सभाको माइन्युट

एम्नेस्टी इन्टरनेसनल नेपाल (एम्नेस्टी नेपाल) को एकतीसौं साधारण सभा मिति २०७९ पौष २ गते (तदनुसार सन् २०२२ डिसेम्बर १७) नवलपरासी जिल्ला (सुस्ता पूर्व) को गैंडाकोट नगरपालिकामा सम्पन्न भयो। उक्त साधारण सभामा एम्नेस्टी नेपालमा आबद्ध देशभरका **५५ समूह** र **४० युथनेटवर्कबाट** दुई दुई जना र समर्थक सदस्यको तर्फबाट दुईजनासमेत गरी **१७३ जना** मताधिकारसहितका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। त्यसैगरी एउटा निर्माणाधीन समूहबाट **दुई जना** पर्यवेक्षक, समूह र युथनेटवर्कबाट निर्धारित समयभन्दा पछि साधारण सभामा सहभागिताका लागि नाम सिफारिस प्राप्त भएकोमा नेसनल बोर्डद्वारा पर्यवेक्षकका रूपमा सहभागी गराइएका समूह र युथनेटवर्कका **११ जना पर्यवेक्षक**, नेसनल बोर्डका **१० जना** पदाधिकारी र सदस्य, पुनरावेदन समितिका संयोजक (१ जना), एम्नेस्टी नेपाल शाखाका **पूर्व अध्यक्षहरू (५ जना)**, नेसनल बोर्डद्वारा पर्यवेक्षकका रूपमा आमन्त्रित विभिन्न समितिका संयोजक र सदस्यहरू **(१२ जना)**, एम्नेस्टी इन्टरनेसनलका इन्टरनेसनल नोमिनेसन कमिटि सदस्य पासाङ शेर्पा **(१ जना)**, राष्ट्रिय सचिवालयका कर्मचारी **(१० जना)**, स्वयंसेवक **(५ जना)** र प्रमुख अतिथि र अन्य अतिथिहरू **(१७ जना)** गरी **२४७ जनाको** उक्त साधारण सभामा उपस्थिति रहेको थियो।

यस साधारण सभाले संस्थाको आ.व. ०७८/०७९ को आर्थिक/लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने, आ.व. ०७९/०८० को लेखा परीक्षणका लागि लेखापरीक्षक नियुक्तिका लागि नेसनल बोर्डलाई जिम्मेवारी तोक्ने, नेसनल बोर्डद्वारा प्रस्तुत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको गभर्नेन्ससम्बन्धी प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने, निर्देशकद्वारा प्रस्तुत आ.व. ०७८/०७९ को कार्यक्रम कार्यान्वयनसम्बन्धी प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने, पुनरावेदन समितिका संयोजकद्वारा प्रस्तुत पुनरावेदन समितिको प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने निर्णय गरेको थियो। त्यसैगरी यस साधारण सभाले सन् २०२३ का लागि निर्देशकद्वारा प्रस्तुत कार्यक्रम (वार्षिक कार्ययोजना) र बजेटमाथि छलफल गरी अनुमोदन गर्ने निर्णय पनि गरेको थियो।

**उद्घाटन सत्र**
**मिति : २०७९ पौष २ गते (१७ डिसेम्बर २०२२), शनिबार।**
**स्थान : द नारायणी रिसोर्टको सभा हल, गैंडाकोट, नवलपरासी (सुस्ता पूर्व)।**

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको ३१ औं साधारण सभाको उद्घाटन सत्र नवलपरासी (सुस्ता पूर्व) जिल्लाको गैंडाकोटस्थित द नारायणी रिसोर्टको सभाहलमा दिउँसो १ बजेदेखि प्रारम्भ भएको थियो। एम्नेस्टी नेपालका महासचिव शचिता कुईंकेलद्वारा सञ्चालित यस उद्घाटन सत्रको कार्यक्रममा प्रतिनिधि सभाका नवनिर्वाचित सदस्य बद्रीप्रसाद पाण्डे प्रमुख अतिथिका रूपमा उपस्थित रहनुभएको थियो। विशिष्ट अतिथिका रूपमा नेपाल जेसिसका अध्यक्ष लालमणी भण्डारीको उपस्थिति रहेको थियो।

कार्यक्रम सञ्चालनको क्रममा महासचिव कुईंकेलले धुलिखेलमा मिति २०७८ चैत्र १८ र १९ मा (अघिल्लो साधारण सभा) सम्पन्न भएको आठै महिनापछि संस्थाका प्रशासनिक र वैधानिक प्रकृयाहरू पूरा गर्ने प्रयोजनका लागि छोटो र "विशेष प्रकृति"को साधारण सभा आयोजना गर्न लागिएको जानकारी गराउनु भएको थियो। एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाले अन्तर्राष्ट्रिय सचिवालयसँग सन् २०२१ को मे मा हस्ताक्षर गरेको समझदारी पत्र (एमओयु) अन्तर्गतका जिम्मेवारी पूरा गर्ने कुरालाई वर्तमान बोर्डले प्राथमिकतामा राखी यस साधारण सभा समापन भए लगत्तै "मेम्बरसिप रिभिउ र रिफर्म" लगायतका सम्पूर्ण बाँकी रहेका कामहरूलाई अगाडि बढाउने कुरा पनि जानकारी गराउनुभएको थियो।

सभामा उपस्थित सबै प्रतिनिधि, पर्यवेक्षक र अतिथिहरूलाई हार्दिक स्वागत गर्दै उहाँले सहभागीहरूलाई शीष्ट, मर्यादित, अनुशासित र मानवअधिकारका मूल्य, मान्यता र सिद्धान्तअनुकूल व्यवहार गर्न अनुरोध गर्नुभएकझ थियो। साथै यौनदुर्व्यवहारविरुद्ध एम्नेस्टी नेपालको शून्य सहनशीलताको नीतिका बारेमा जानकारी गराउँदै यदि कसैले यौन दुर्व्यवहारजन्य व्यवहार महशुस गरेमा नेसनल बोर्डलाई तत्काल जानकारी गराउन अनुरोध गर्दै कुनै पनि खालका अवाञ्छित गतिविधिहरू भए गरेको पाइएमा संस्थाको नीति, नियम र प्रचलित कानुनबमोजिम हुने व्यहोरा जानकारी गराउनुभएको थियो।

त्यसपछि उद्घाटन सत्रका प्रमुख अतिथि बद्रिप्रसाद पाण्डे र एम्नेस्टी नेपालका अध्यक्ष बिपिन बुढाथोकीले एम्नेस्टी इन्टरनेसनलको प्रतिक मैनबत्ती प्रज्वलन गरी साधारण सभाको औपचारिक उद्घाटन गर्नुभएको थियो।

साधारण सभामा सहभागी हुन आइपुगेका देशभरीका सम्पूर्ण सहभागीहरूलाई एम्नेस्टी नेपालको नवलपरासी (सुस्ता पूर्व) कावासोतीस्थित स्थानीय समूह ४० का संयोजक बैकुण्ठ प्रसाद अर्यालले स्वागत मन्तव्य राख्नुभएको थियो।

त्यसपछि एम्नेस्टी नेपाल शाखाका निर्देशक निराजन थपलियाले आफ्नो मन्तव्य राख्नुहँदै नेपालका प्रमुख मानवअधिकार सवाल र इन्टरनेसनल सोलिडियारिटिअन्तर्गत अन्यत्रको मानवअधिकारका मुद्दाका सम्बन्धमा पनि प्रभावमूलक र परिणाममूखी ढङ्गमा काम गर्नका लागि एम्नेस्टी नेपालले आफ्नो रणनीतिक लक्ष निर्धारण गरी अन्तर्राष्ट्रिय सचिवालयसँग सम्पन्न भएको समझदारी पत्रको मर्मअनुसार संस्थागत सुदृढिकरण समेतका आधारमा आगामी दिनमा संस्थागत सुसञ्चालनका आधारमा गरिने कार्यक्रम र गतिविधिहरूमा एम्नेस्टीका तमाम सदस्य र

समर्थकहरूलाई सकृय साथ, सहयोग र योगदानको लागि अनुरोध गर्नुभएको थियो। विभिन्न निकायका सरकारहरूलाई नागरिकको आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने तथा तिनका जनजीविकाको सवालहरूलाई उचित तवरले संवोधन गर्न समेत जवाफदेही र जिम्मेवार बनाउनका लागि अन्य नागरिक सङ्घ संस्थाहरूसँग समेत सहकार्य गरी अघि बढ्ने योजनाका बारेमा उहाँले चर्चा गर्नुभएको थियो।

नेपाल जेसिसका लालमणी भण्डारीले आफ्नो मन्तव्य राख्ने क्रममा एम्नेस्टी नेपालको मानवअधिकार गतिविधिहरूको प्रशंसा गर्दै आफू र नेपाल जेसिसले एम्नेस्टीले चलाएको मानवअधिकार अभियानहरूमा सहभागिता र साझेदारिता जनाउने प्रतिबद्धता जनाउनुभएको थियो।

यसपछि द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष तथा द्वन्द्वकालीन मानवअधिकार उल्लङ्घनका पीडितहरूको सत्य, न्याय र परिपूरणको अधिकार स्थापित गर्ने सङ्घर्षमा विगत दशकौंदेखि अभियानरत रही नेतृत्वदायी भूमिका निभाइरहनुभएका सुमन अधिकारीलाई सम्मान गरिएको थियो। सम्मान गर्नुपूर्व एम्नेस्टी नेपालको लमजुङको दुराडाँडास्थित तत्कालीन समूह ७९ का संयोजक समेत रहनुभएका सुमन अधिकारीका पिता स्वर्गीय मुक्तिनाथ अधिकारीको स्मरणमा मिति २०५८ साल माघ ३ गते तत्कालीन विद्रोही माओवादी कार्यकर्ताद्वारा पाणिनि संस्कृत स्कूलको कक्षाकोठाबाट उहाँलाई अपहरण गरी लगेर विभत्स र पाशविक तवरमा हत्या गरेको विषयलाई समेटी एम्नेस्टी नेपालले तयार पारेको भिडियो प्रदर्शन गरिएको थियो।

भिडियो प्रदर्शनपछि मुक्तिनाथ अधिकारीका ज्येष्ठ सुपुत्र सुमन अधिकारीलाई **मानवअधिकार रक्षक २०२२ सम्मान पत्रद्वारा** सम्मानित गरिएको थियो। साथै उहाँलाई एम्नेस्टी नेपालले रू. २१ हजारको नगद राशि पनि प्रदान गरेको थियो। सम्मान कार्यक्रमपछि बोल्नुहुँदै अधिकारीले एम्नेस्टी नेपाललाई धन्यवाद व्यक्त गर्नुभएको थियो। न्यायको सङ्घर्षमा लागेको यति धेरै समय हुँदा पनि सरकारले बेवास्ता गरेको र पीडितलाई उपेक्षा गरी दण्डहीनताको संस्कृतिलाई बढाइरहेको सन्दर्भमा आफूले प्राप्त गरेको सम्मानप्रति पनि शङ्का जनाउनुहुँदै सरकारलाई पीडितको न्यायको अधिकारमा विचलन नल्याउन र औषधि उपचारसमेत नपाएर मरिरहेका पीडितका चित्कारको संबोधन गर्न माग गर्नुभएको थियो। साथै एम्नेस्टी नेपालसँग आगामी दिनमा विभिन्न गतिविधिहरूमा अझ थप सक्रियताका साथ सहकार्य गर्ने प्रतिबद्धता पनि जनाउनुभएको थियो।

त्यसपछि पूर्व अध्यक्ष चरण प्रसाईंले सुमन अधिकारीलाई एम्नेस्टी नेपालले सम्मान गरेकोमा प्रशंसा गर्दै मुक्तिनाथ अधिकारी र तमाम द्वन्द्वपीडितहरूको न्यायको सवाललाई ओझेलमा पार्नका लागि खासगरी राजनीतिक दलहरूको दण्डहीनताको संस्कृतिलाई संस्थागत गर्ने प्रवृत्ति नै मूख्य रूपमा दोषी रहेको जनाउनु भएको थियो। मुक्तिनाथ अधिकारीको हत्यालाई आफ्नै हत्याको रूपमा व्यक्तिगत तरिकाले लिन र सबै द्वन्द्वपीडितको मुद्दालाई आफ्नै मुद्दा जसरी लिन आग्रह गर्नुहुँदै त्यसो गरेमा मात्र साँचो अर्थमा हामीले द्वन्द्वपीडितको साँचो साथ दिएको हुनेछ भन्ने धारणा राख्नुभएको थियो। त्यसपछि उहाँले वर्तमान सरकारले काम चलाउ हैसियत हुँदा समेत फौजदारी कार्यविधि संहिता संशोधनसम्बन्धी अध्यादेश ल्याएकोप्रति आपत्ति जनाउँदै सरकारलाई तुरून्त सो अध्यादेश फिर्ता लिई जवाफदेही हुन र पीडितमूखी बन्न आग्रह गर्नुभएको थियो।

निवर्तमान अध्यक्ष विक्रम ढुकुछुले एम्नेस्टी नेपाल संस्थागत सुधारको बाटोमा रहेको र आफूले नै एम्नेस्टी नेपालमा परिवर्तन जरूरी छ भन्ने कुरामा सहमत भई अन्तर्राष्ट्रिय सचिवालयसँग समझदारी पत्रमा हस्ताक्षर गरेको र सोही समझदारी पत्रको कार्यान्वनयका साथमा एम्नेस्टी नेपालमा युवा, महिला र समर्थक सदस्यहरूको

सहभागिता सुनिश्चित भएको स्मरण गर्दै संस्थागत सुदृढीकरण र थप परिवर्तनका लागि नेसनल बोर्डले चालेका सबै कदमहरूमा आफ्नो साथ, सहयोग र समर्थन रहने धारणा व्यक्त गर्नुभएको थियो।

एम्नेस्टी इन्टरनेसनलका इन्टरनेनसल नोमिनेसन कमिटि सदस्य पासाङ शेर्पाले एम्नेस्टी नेपालले आफ्नो काम गर्ने विधि, पद्धति र प्रकृयालाई पुनरावलोकन गर्ने, आफूले आफैलाई प्रश्न गर्ने गर्नु पर्ने र संस्थाको लक्ष्यबमोजिम समाजमा समता, न्याय र मानवअधिकारको संस्कृति निर्माणका लागि हाम्रो आफ्नै व्यवहार, सोचाइ र दृष्टिकोण पनि सोहीबमोजिम हुनुपर्ने बताउनुभयो। एम्नेस्टी इन्टरनेसनलको ग्लोबल लिडरसिपले एम्नेस्टी नेपाल अझ समावेशी, अझ सशक्त र प्रभावकारी भएको चाहेको र त्यसका लागि अन्तर्राष्ट्रिय सचिवलायसँगको समझदारीपत्रमा सहमति गरिएका विषयहरूलाई सकरात्मकताका साथ अन्तिम टुङ्गोमा पुर्याउनु अति महत्त्वपूर्ण रहेको जनाउनुहुँदै एम्नेस्टी नेपालको नेतृत्वलाई आगामी दिनको यात्राको लागि शुभकामना व्यक्त गर्नुभयो।

त्यसपछि पूर्व कार्यवाहक अध्यक्ष ध्रुव कार्कीले आफ्नो मन्तव्य राख्ने क्रममा नेपाल र विश्वभरी देखिएका मानवअधिकारका चुनौतीहरूलाई औंल्याउनु हुँदै एम्नेस्टी नेपाल शाखाले आफ्नो साङ्गठनिक मजबुतीकरण गर्दै मानवअधिकारका मुद्दामा प्रभाव सिर्जना गर्नेगरी काम गर्नुपर्ने आवश्यकता रहेको औंल्याउनुभयो। पूर्व कार्यवाहक अध्यक्ष ध्रुव कार्कीको मन्तव्यपछि पूर्व अध्यक्ष सुर्य बहादुर अधिकारीले नेपालमा दण्डहीनतालाई संस्थागत गर्ने र पीडकलाई उन्मुक्ति दिने नियतले सरकारले ल्याएको फौजदारी कार्यविधि संहिता संशोधनसम्बन्धी अध्यादेशको बारेमा आफ्नो आपत्ति रहेको जनाउनुभयो। पूर्व अध्यक्ष राजन प्रसाद कुईंकेलले पिटर बेनेन्सन र नुतन थपलियालाई स्मरण गर्दै एम्नेस्टी अभियानको संस्थापकहरूप्रति नतमस्तक भाव प्रकट गर्नुभयो। त्यसपछि भारतका पत्रकार रबिस कुमारको "डरा हुवा पत्रकार मरा हुवा देशका पैदा कर्ते हे" भन्ने भनाइलाई उद्धृत गर्दै आलोचनात्मक चेत भएका जनप्रतिनिधि नहुँदा जनताको अधिकार र जीविकाका सवालमा ठूलो समस्या आइरहेको बताउनुभयो। उहाँले नवनिर्वाचित जनप्रतिनिधिहरूलाई अब गौंडागौंडामा प्रत्येक नेपालीले प्रश्न गर्नुपर्ने जनाउनुभयो।

पूर्व अध्यक्ष कुईंकेलले आफ्नो मन्तव्य राखेपछि मिति २०५३ मंसिर ४ गतेदेखि एम्नेस्टी इन्टरनेसनल नेपाल शाखामा नियुक्त भई विभिन्न भूमिकामा रहेर काम गर्नुभई अहिले मेम्बरसिप इन्चार्जको भूमिकामा रहनुभएका कर्मचारी चक्र कुमार प्रधानलाई रू. ५१ हजार पुरस्कारसहित कदर पत्र प्रदान गरिएको थियो।

त्यसपछि कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधिसभाका नव निर्वाचित सदस्य माननीय बद्री प्रसाद पाण्डेले आफ्नो मन्तव्य राख्नुभएको थियो। पाण्डेले साधारण सभाको पूर्ण सफलताको कामना गर्दै यस्तै प्रकृतिका नियमित बैठक, भेला र सभाले संस्थाहरूमा जीवन्तता रहिरहने, संस्थागत विकास र सुधार हुने र निखारता वा परिष्कारता बढ्ने जनाउनुहुँदै यस साधारण सभाले पनि एम्नेस्टी नेपालको आन्तरिक सुशासनमा अझ बढी सुदृढीकरण र शुद्धिकरण हुने विश्वास व्यक्त गर्नुभयो। साथै एम्नेस्टी नेपालको असल अभ्यासहरू अरूका लागि उदाहरण बन्ने अपेक्षा पनि दर्शाउनुभयो। आस्थाका लागि जीवन गुमाउनुहुने मुक्तिनाथ अधिकारीलगायत सबै व्यक्तित्वलाई पनि उहाँले स्मरण गर्नुभयो। आस्थाका बन्दीहरूको संरक्षणका लागि काम गर्ने एम्नेस्टी इन्टरनेसनलप्रति सम्मान रहेको पनि जनाउनुभयो। साथै नेपालको अवस्था अझै सङ्क्रमणमा रहेको जनाउँदै सत्य आयोग र बेपत्ता आयोगहरूको म्याद थपिराखिएको तर पीडितहरूको घाउमा मलम लगाउन नसिकएको वर्तमान सन्दर्भलाई संवोधन गर्नका लागि आफू नयाँ संसद् बैठक सुचारू भएपछि लागि पर्ने प्रतिबद्धता जनाउनुभयो। सभ्य, सुसंस्कृत र मानवअधिकारको संस्कृतिमा आधारित समाज निर्माणका लागि नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हकहरूलाई व्यवहारगत तहमा लागू गर्नका लागि विभिन्न ऐन, नियमावली र नीतिहरू तर्जुमा गर्ने सवालमा "आलोचनात्मक चेत" सहित

अघि बढ्ने जनाउनुभयो। त्यस्तै राजनीतिक संस्कार र सुद्धिकरणका लागि पनि नेपालमा काम गर्न आवश्यक रहेको बारेमा चर्चा गर्नुभयो। त्यसैगरी नेपालमा राजनीति केहीले केही समय मात्र गर्ने एउटा उच्च कोटीको कर्मका रूपमा विकास गर्नुपर्ने विचार व्यक्त गर्दै एम्नेस्टी नेपालको सभाको सहभागिता निर्वाचित सांसदको हैसियतमा आफ्नो भूमिका निर्वाह गर्नका लागि एउटा उत्प्रेरणात्मक सुरूवातको संयोग पनि बन्न पुगेको बताउनुभयो।

प्रमुख अतिथिको मन्तव्यपछि साधारण सभा तथा एम्नेस्टी नेपालका अध्यक्ष बिपिन बुढाथोकीले उद्घाटन सत्रको समापन मन्तव्य दिनुभयो। सर्वप्रथम उहाँले एम्नेस्टी नेपाल शाखाको ५३ वर्षको इतिहासमा पहिलोपटक नेपाल शाखाको प्रतिनिधित्व गर्दै अन्तर्राष्ट्रिय लिडरसिप तहमा निर्वाचित हुन सफल हुनुभएका पासाङ शेर्पालाई बधाई ज्ञापन गर्नुभयो। त्यसपछि तानशाही र लोकप्रियतावादलाई हतियार बनाउने शासकहरूको उदयका कारण नागरिक स्थल र गोपनियताको अधिकार लगायत विभिन्न राजनीतिक, नागरिक अधिकारमा सङ्कुचन आएको अवस्थाको चर्चा गर्दै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार खासगरी स्वास्थ्य, शिक्षा, आवास र रोजगारीका सवालमा सक्रिय हुनुपर्ने आवश्यकतालाई औंल्याउनुभयो। त्यस्तै जलवायु परिवर्तनका कारण पैदा भएका समस्याहरू खासमा "जलवायु न्याय" र "लिभेबल प्लानेट" को दिशामा पनि अभियानहरू गर्न आवश्यक रहेको बताउनुभयो। त्यस्तै "बिजनेस र मानवअधिकार"सम्बन्धी विषयमा पनि हामीले काम गर्नुपर्ने बेला आएको उहाँले बताउनुभयो। एम्नेस्टी नेपालको संस्थागत सुधारको लागि नेसनल बोर्डले तयार गरेको मार्गचित्रलाई प्रस्तुत गर्दै उहाँले अन्तर्राष्ट्रिय सचिवालयसँग निवर्तमान बोर्डका अध्यक्ष बिक्रम ढुकुछुले हस्ताक्षर गर्नुभएको समझदारी पत्रअनुरूप एम्नेस्टी नेपाललाई सुधार गर्ने दायित्वका बारेमा पनि चर्चा गर्नुभयो। निवर्तमान बोर्डले केही महत्त्वपूर्ण काम गरेको भएपनि अझ महत्त्वपूर्ण सुधारको काम खासगरी मेम्बरसिप तहसम्मको "अडिट" र सुधारको बाटोमा अब यस लगत्तै काम गर्ने र यस क्रममा एम्नेस्टी नेपालका सबै साझेदारहरूसँग परामर्श र छलफलका माध्यमबाट कसैलाई पनि "मेरो वा अर्कोको" भन्ने "क्लासिफाई" नगरीकन अगाडि बढ्न आफू लागिपर्ने बताउनुभयो। यस कार्यको लागि नेनसल बोर्डले तयार पारी अन्तर्राष्ट्रिय बोर्डमा बुझाएको टाइमलाइन सहितको रोडम्यापलाई बन्द सत्रमा प्रस्तुत गरिने पनि जानकारी गराउनुभयो। एम्नेस्टी नेपालका स्थानीय संरचनाहरू अझ सबल ढङ्गले काम गरून् भन्ने आफूले चाहेको र एम्नेस्टी नेपाल शाखा अन्तर्राष्ट्रिय मुभमेन्टकै लागि एउटा उदाहरण बन्न सकोस् भन्ने आफूले हेर्न चाहेको बताउनुभयो। यसका लागि सबै समूह र युथनेटवर्कलाई "फुल लेभल"मा अडिट गर्ने र यस क्रममा यो मेरो, यो उसको वा अर्कोको भनी "डिस्क्रमिनेट" वा "क्लासिफाई" नगरी संस्थागत हित र उद्देश्य सार्थक हुने प्रकृतिको सदस्यता संरचनाको संभावित विकल्पहरूसहित सन् २०२३ मा को अक्टोबर/नोभेम्बरमा हुने साधारण सभामा प्रस्तुत गर्ने जानकारी गराउनुभयो। सँधै अरूबाट गाइडेड हुने भन्दा पनि हामी आफू पनि अरूलाई गाइड गर्न सक्ने गरी एम्नेस्टीको ६४ वटा शाखाहरूमध्येमा नेपाल शाखाले पनि अब रोल मोडेल हुन सक्ने गरी अगाडि बढ्नु पर्ने आवश्यकता रहेको अध्यक्ष बुढाथोकीले बताउनुभयो। आफ्नो काँधमा आइपरेको जिम्मेवारी हर हालतमा पुरा गरेरै छाड्ने र त्यस क्रममा मेरो, उसको, अरूको नभनी एकदम वस्तुनिष्ठ र निष्पक्ष हिसाबमा अघि बढ्ने दृढता व्यक्त गर्नुभयो। त्यसैगरी पूर्व अध्यक्षहरूले पनि संस्थागत सुधारको बाटोमा खासगरी नेसनल बोर्डले अगाडि सारेको रिफर्मको रोडम्यापलाई प्राप्त गर्नका लागि पूर्ण सहयोग गर्नुहुने आशा र विश्वास व्यक्त गर्नुभयो। यस क्रममा अध्यक्ष बुढाथोकीले उहाँहरूलाई मेरो, फलानोको वा उसको मान्छे भनेर क्लासिफाई नगरी र निहित समूह वा व्यक्तिका पछि नलागी एम्नेस्टी नेपाल संस्थालाई सुदृढ र समुन्नत बनाउनका लागि "होल हार्टेडली" सहयोगी भूमिका खेल्नु हुनेछ भन्ने विश्वास लिएको बताउनुभयो। संस्थाको रणनीतिक लक्ष्य पनि तयार गरी अर्को साधारण सभामा प्रस्तुत गर्ने जानकारी गराउनुभयो। नेसनल बोर्डले इमान्दार प्रयत्न गर्ने र

सम्बन्धित सबैले पनि इमान्दार तवरमा सहयोगी भूमिका खेल्नुहुनेछ भन्ने विश्वास रहेको बताउनुभयो। ३१ औं साधारण सभामा पाल्नुभएका प्रमुख अतिथि र अतिथिलाई धन्यवाद व्यक्त गर्नुभयो। त्यसैगरी एक हप्ता अघि साधाराण सभामा सहभागिताका लागि संस्थापक नुतन थपलियालाई आमन्त्रण गर्न गएको जानकारी गराउनुहुँदै जीवनको ९६ वर्षको उमेरमा पनि संस्थाको भलाइको चिन्ता लिइराख्नुभएका आदरणीय संस्थापकले साधारण सभा सफलताको कामनाका साथै संस्थाको लागि "गुड विसेज्" दनुभएको कुरा सभालाई जानकारी गराउनुभयो। त्यसपछि उद्घाटन सत्रको कार्यक्रम समापन भएको जानकारी दिनुहुँदै बन्द सत्रको अध्यक्ष तथा नेसनल बोर्डका निवर्तमान उपाध्यक्ष पार्वता आचार्यलाई बन्द सत्र प्रारम्भ गर्न अनुरोध गर्नुभयो।

# बन्द सत्रको आरम्भ

## गणपूरक सङ्ख्याको जानकारी

३१ औं साधारण सभाको बन्द सत्रलाई अघि बढाउँदै बन्द सत्रका अध्यक्ष श्री पार्वता आचार्यले देशभर रहेका एम्नेस्टी नेपालका समूह र युथनेटवर्कमध्येबाट एम्नेस्टी नेपालको विधान र साधारण सभा सञ्चालन नियमावलीअनुसार साधारण सभामा सहभागी हुन आवश्यक पर्ने आधार र प्रक्रिया पूरा गरेका **६८ समूह र ४७ युथनेटवर्क** (अस्तित्वमा रहेका ८१ समूह र ५५ युथनेटवर्कमध्येबाट) रहेकोमा नेसनल बोर्डद्वारा निर्धारित मिति २०७९ मङ्सिर १६ गते भित्र **जम्मा ६० समूह र ४१ युथनेटवर्कले** प्रतिनिधि तोकी यस साधारण सभामा सहभागिता हुने जनाएकोमा बन्द सत्र प्रारम्भ हुने समयसम्म जम्मा **५५ समूह र ४१ युथनेटवर्क** तथा **समर्थक सदस्यको क्लस्टरबाट दुई जना** समेत गरी **कुल १७३** जना मताधिकार प्राप्त प्रतिनिधिहरूको नाम दर्ता भएको जानकारी गराउनुभयो। सो सङ्ख्या साधारण सभामा उपस्थित रहन योग्य कूल प्रतिनिधि सङ्ख्या (६०x२)+(४१ x२)+२=२०४ को हिसाबबाट ८४.८० प्रतिशत भएको हुँदा नियमानुसार साधारण सभा सञ्चालन गर्न गणपूरक सङ्ख्या पूरा भएको जानकारी सभालाई गराउनुभयो।

मताधिकार प्राप्त १७३ प्रतिनिधिका अलावा साधारण सभाको बन्द सत्रमा नेसनल बोर्ड र पुनरावेदन समितिका पदाधिकारी तथा सदस्यहरू ११ जना, राष्ट्रिय सचिवालयका कर्मचारीहरू १० जना, निर्माणाधीन समूहका पर्यवेक्षक २ जना, ५ जना पूर्व अध्यक्षहरू, इन्टरनेसनल नोमिनेसन कमिटि सदस्य (१ जना), नेसनल बोर्डद्वारा आमन्त्रित २५ जना पर्यवेक्षक तथा साधारण सभाका ५ जना स्वयंसेवकहरूसमेतको सहभागिता रहेको थियो। *(साधारण सभाका सहभागीहरूको नामदर्ता विवरण अनुसूची १ मा दिइएको छ।)*

## साधारण सभाको कार्यसूची (एजेन्डा) प्रस्तुत र अनुमोदन

गणपूरक सङ्ख्याको जानकारी पश्चात् साधारण सभाका अध्यक्ष पार्वता आचार्यले नेसनल बोर्डद्वारा प्रस्तावित साधारण सभाको एजेन्डा (कार्यसूची) अनुमोदनार्थ पेश गर्नुभयो।

प्रस्तावित कार्यसूची (एजेन्डा) पेश भएपश्चात् सो एजेन्डाका बारेमा सभाका प्रतिनिधिहरूले सर्वसम्मतिले सहमति जनाउनुभएपछि अध्यक्षले उक्त कार्यसूची (एजेण्डा) पारित भएको सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** नेसनल बोर्डद्वारा प्रस्तुत ३१ औं साधारण सभाको कार्यसूची (एजेण्डा) साधारण सभामा पेश गरिएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो।

## प्रतिवेदक र टेलरको अनुमोदन

त्यसपछि अध्यक्ष पार्वता आचार्यले नेसनल बोर्डले तोकेको साधारण सभाको माइनुट लेख्ने कार्यका लागि प्रतिवेदकको रूपमा समूह ८२, पोखराका संयोजक मिना थापा र त्रिचन्द्र युथ नेटवर्कका संयोजक सनम वली तथा टेलरका रूपमा राष्ट्रिय सचिवालयका कर्मचारी मानवअधिकार शिक्षा अधिकृत कुन्दन राज शर्मा, मेम्बरसिप इन्चार्ज चक्र कुमार प्रधान र कार्यालय सहायक जगन्नाथ आचार्यको नाम अनुमोदनका लागि साधारण सभामा प्रस्तुत गर्नुभयो। प्रस्तावित नामहरूमा सहभागी सबै प्रतिनिधिहरूले सहमति जनाउनुभएपछि अध्यक्षले उहाँहरूको नाम साधारण सभाबाट स्वीकृत भएको सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले समूह ८२, पोखराका संयोजक मिना थापा र त्रिचन्द्र युथ नेटवर्कका संयोजक सनम वली प्रतिवेदक र राष्ट्रिय सचिवालयका मानवअधिकार शिक्षा अधिकृत कुन्दन राज शर्मा, मेम्बरसिप इन्चार्ज चक्र कुमार प्रधान र कार्यालय सहायक जगन्नाथ आचार्यलाई टेलरमा नियुक्त गर्ने प्रस्तावलाई सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गरियो।

## आ.व. २०७८/७९ को वार्षिक कार्यक्रम प्रतिवेदन प्रस्तुत र पारित

सभाका अध्यक्ष पार्वता आचार्यले निर्देशक निराजन थपलियालाई आ.व. २०७८/७९ को कार्यक्रम प्रतिवेदनका बारेमा प्रस्तुति राख्न अनुरोध गर्नुभयो। निर्देशक थपलियाले संस्थाले गरेका मानवअधिकारसम्बन्धी विविध गतिविधिहरू, तिनका प्रभाव, विभिन्न व्यवस्थापकीय विषयहरू, सदस्यताको अवस्था, बोर्डसँग समबन्धित नीति निर्माण प्रकृया, संस्थागत सुधारका गतिविधि लगायतका विषयमा पाओर पोइन्टका माध्यमबाट प्रस्तुति गर्नुभयो।

उहाँको प्रस्तुति पछि उक्त प्रतिवेदनका सवालमा प्रश्न वा जिज्ञाशा राख्न अध्यक्षले सभामा उपस्थित प्रतिनिधिहरूलाई अनुरोध गर्नुभयो। कसैले पनि कुनै सवाल वा जिज्ञाशा नराखेपछि अध्यक्षले सभालाई ताली बजाई उक्त प्रतिनवेदन अनुमोदन गरिदिनुहुनका लागि अनुरोध गर्नुभयो। सभाका प्रतिनिधिहरू सबैले तालि बजाईसकेपश्चात अध्यक्षले निर्देशकद्वारा प्रस्तुत आ.व. २०७८/७९ को वार्षिक कार्यक्रम प्रतिवेदनलाई साधारण सभाले सर्वसम्मतिले अनुमोदन गरेको सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले आ.व. २०७८/७९ को निर्देशकद्वारा प्रस्तुत वार्षिक कार्यक्रम प्रतिवेदनलाई सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गर्यो।

## सन् २०२३ को कार्यक्रम र बजेट प्रस्तुत र पारित

सभाका अध्यक्ष पार्वता आचार्यले एम्नेस्टी नेपालका निर्देशक निराजन थपलियालाई सन् २०२३ को कार्यक्रम र बजेटका सवालमा प्रस्तुति राख्न समय प्रदान गर्नुभएपछि थपलियाले "दस्तावेज पुस्तिकामा" समावेश गरिएको कार्यक्रम र बजेटका बारेमा संक्षिप्त प्रस्तुति राख्नुभयो। उक्त प्रस्तुतिपछि सभाका अध्यक्षले त्यसमाथि छलफल

खुला भएको जानकारी गराउँदै कुनै जिज्ञासा, सुझाव, प्रश्न वा अन्य कुनै प्रतिक्रिया भए त्यसका लागि नाम लेखाउन अनुरोध गर्नुभयो।

कुनै पनि प्रतिनिधिले आफ्नो नाम नटिपाएपछि सभा अध्यक्षले सन् २०२३ को कार्यक्रम र बजेट अनुमोदनका लागि सभालाई अनुरोध गर्नुभयो। सभाले निर्देशक थपलियाद्वारा प्रस्तुत सन् २०२३ को कार्यक्रम र बजेटलाई तालि बजाएर सर्वसम्मतिले अनुमोदन गरेपछि अध्यक्षले उक्त सन् २०२३ को कार्यक्रम र बजेट पारित भएको सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले निर्देशक निराजन थपलियाद्वारा प्रस्तुत सन् २०२३ को कार्यक्रम र बजेट सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गर्यो।

## आ.व. २०७८/७९ को नेसनल बोर्डको प्रतिवेदन प्रस्तुत र पारित

सभा अध्यक्ष पार्वता आचार्यले महासचिव शचिता कुईंकेललाई नेसनल बोर्डको आ.व. २०७८/७९ को गतिविधिहरूसम्बन्धी प्रतिवेदन पेश गर्न समय प्रदान गर्नुभयो। महासचिव शचिता कुईंकेलले वर्तमान नेसनल बोर्ड मिति २०७८ चैत्र १८ र १९ गते काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा सम्पन्न ३० औं साधारण सभाबाट निर्वाचित भएको केबल आठ महिना मात्र भएको जानकारी गराउँदै अघिल्लो साधारण सभा भएको आठै महिनामा संस्थाका केही महत्त्वपूर्ण नगरी नहुने निर्णयहरू (जस्तै पौष मसान्तअघि नै संस्था नविकरण, कर छुट र अनुदान सहायता स्वीकृतिका लागि आवश्यक पर्ने प्रकृया) का लागि यो साधारण सभाको आयोजना गरिएको बताउनुभयो। साथै कोभिड–१९ महामारीले बिथोलेको वार्षिक साधारणसभाको चक्रलाई अब नेसनल बोर्डले आगामी वर्षदेखि सही ट्र्याकमा ल्याउने तयारी गरिरहेको पनि सभालाई जानकारी गराउनुभयो।

गत आर्थिक वर्षमा नेसनल बोर्डले सम्पन्न गरेका गभर्नेन्ससम्बन्धी गतिविधिहरूको प्रतिवेदन प्रस्तुत गर्दै उहाँले कतिपय गतिविधिहरू निवर्तमान बोर्डले नै सम्पन्न गरेको समेत जानकारी गराउँदै वर्तमान बोर्डले निर्वाचित भएपछि २०७९ जेठ ६, ७ र ८ गते अन्तर्राष्ट्रिय सचिवालयको सहयोगमा नेसनल बोर्डको इन्डक्सन कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको जानकारी गराउनुभयो। उक्त इन्डक्सनमा एम्नेस्टी इन्टरनेसनलको मानवअधिकारसम्बन्धी विश्वव्यापी रणनीतिक लक्ष्य, एम्नेस्टी शाखाका बोर्डहरूको भूमिका, एम्नेस्टी इन्टरनेसनलको “कोर स्ट्याण्डर्ड”, गभर्नेन्स र म्यानेजमेन्टबीचको सम्बन्ध र सो सम्बन्धलाई परिभाषित र सहज पार्ने “प्रोटोकल”, सदस्य, समर्थक र सरोकारवालाहरूको सहभागितालगायतका विषयमा गहिरो छलफल, “रिफ्लेक्सन” र “इन्टरनलाइजेसन” भएको जानकारी गराउनुभयो।

त्यसपछि एम्नेस्टी नेपालले एम्नेस्टीको अन्तर्राष्ट्रिय गभर्नेन्स बैठक खासगरी सन् २०२२ को जुलाई ३० र ३१ मा सम्पन्न भएको भर्चुअल ग्लोबल असेम्ब्लीमा अध्यक्ष बिपिन बुढाथोकी, महासचिव शचिता कुईंकेल, बोर्ड सदस्य गरिमा पाण्डेय र निर्देशक निराजन थपलियामार्फत सहभागिता जनाउँदै विभिन्न मोसन प्रस्ताहरूको निर्णयमा नेपाल शाखाको तर्फबाट मत जाहेर गरेको तथा अन्तर्राष्ट्रिय लिडरसिप तहका खाली पदहरूको निर्वाचनमा पनि मतदान गरेकोलगायतको बारेमा जानकारी गराउनुभयो। ग्लोबल असेम्ब्लीबाट भएका निर्णयहरू सहभागीहरूलाई वितरण गरिएको दस्तावेज पुस्तिकामा समेत समावेश गरिएको जानकारी गराउनुभयो।

एम्नेस्टी नेपालको ५३ वर्षको इतिहासमा यस नेसनल बोर्डले पहिलोपटक नेपाल शाखाको तर्फबाट अन्तर्राष्ट्रिय गभर्नेन्स तहमा आफ्नो उम्मेदवार मनोनयन गरी पठाएको र गत ग्लोबल असेम्ब्लीमा भएको निर्वाचनमार्फत

नेपाल शाखाका उम्मेदवार पासाङ् शेर्पा खसेको कुल ६१ मतमा ५१ मत हाँसिल गरी अत्यधिक मतका साथ इन्टरनेसनल नोमिनेसन कमिटि सदस्य पदमा निर्वाचित भएको सम्बन्धमा पनि महासचिवले सभालाई जानकारी गराउनुभयो।

त्यसैगरी नेसनल बोर्डले विभिन्न ६ वटा समिति निर्माण गरी उक्त समितिहरूमा संयोजक र सदस्यहरू नियुक्त गरी उनीहरूलाई सन् २०२२ को सेप्टेम्बर ९ र १० मा इन्डक्सन/प्रशिक्षण गरिएको जानकारी गराउनुभयो।

त्यसपछि महासचिव कुईंकेलले मिति २०७८ जेठ २४ गते एम्नेस्टी नेपालको नेसनल बोर्ड र एम्नेस्टी इन्टरनेसनलका महासचिवबीच हस्ताक्षर भएको समझदारी पत्र (एमओयु) का प्रावधानहरूलाई कार्यान्वयन गर्दै आवधिक रूपमा प्रगति प्रतिवेदन अन्तर्राष्ट्रिय बोर्डलाई बुझाउनुपर्ने व्यवस्था एमओयुमा नै उल्लेख गरिएको भएपनि विविध कारणले निवर्तमान बोर्डले त्यस्तो प्रतिवेदन बुझाउन नसकेकोमा वर्तमान बोर्ड निर्वाचित भइसकेपछि सन् २०२२ को जुन १६ अर्थात मिति २०७९ असार २ गते एमओयुअन्तर्गत सम्पन्न भएका कार्यहरू र अब सम्पन्न गर्न बाँकी कार्यहरूको विस्तृत विवरण तथा कार्यान्वयन गर्न बाँकी रहेका विषयहरूलाई अगाडि बढाउनेसम्बन्धी समयरेखा सहितको कार्ययोजना समाविष्ट गरी एक विस्तृत प्रतिवेदन तयार गरी नेसनल बोर्ड अध्यक्ष बिपिन बुढाथोकीले एम्नेस्टी नेपालको नेसनल बोर्डको तर्फबाट एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय बोर्ड र सचिवालयलाई प्रेशित गरिएको जानकारी गराउनुभयो। उक्त प्रतिवेदन तयार गर्ने क्रममा नेसनल बोर्डमा वृहत छलफल गरी सबै पदाधिकारी र सदस्यहरूको राय धाराणासमेत समावेश गरी अनुमोदन गरिएको पनि जानकारी गराउनुभयो।

नेसनल बोर्डले अन्तर्राष्ट्रिय बोर्डसमक्ष एमओयुमा उल्लिखित "भाग घ" अन्तर्गतका जिम्मेवारीलाई पूर्ण रूपमा कार्यान्वयन गर्न आफू तत्पर र इच्छुक रहेको प्रतिवेदनमा उल्लेख गरेको र तपसिलको समय तालिकासहितको कार्ययोजनाबमोजिम एमओयुअन्तर्गतका बाँकी जिम्मेवारी कार्यान्वन गर्ने प्रतिबद्धता जनाएको महासचिव कुईंकेलले सभालाई जानकारी गराउनुभयो :

<u>तपसिल</u>

- **जुन – अगस्ट २०२२:** ग्लोबल असेम्ब्लीलगायतका ग्लोबल गभर्नेन्स प्रकृयाबाट कुराहरू सिक्ने; विद्यमान नीति र निर्देशिकाहरूको पुनरावलोकन गर्ने (द्वन्द्व समाधानसम्बन्धी; गुनासो व्यवस्थापनसम्बन्धी; जालसाजी, घुसखोरी र भ्रस्टाचारसम्बन्धी; सामाजिक सञ्जालसम्बन्धी; ह्विसल ब्लोइङ (संस्थाभित्रको गलत गतिविधि सार्वजनिक गर्नेको संरक्षण गर्ने)सम्बन्धी; व्यवहारगत मापदण्डसम्बन्धी; आफ्नो काम आफै गर्ने (self-service) सम्बन्धी; बालबालिका संरक्षणसम्बन्धी; यौनजन्य हिंसाविरुद्ध शून्य सहनशीलतासम्बन्धी)
- **सेप्टेम्बर – नोभेम्बर २०२२:** मेम्बरसिप आउटरिच, ट्रेनिङ्ग, क्षेमता अभिवृद्धि र परिवर्तनको सवालमा जागरूक बनाउन डोर्याउने;
- **डिसेम्बर २०२२:** कानुनी र प्रशासनिक आवश्यकताहरू पूरा गर्नका लागि लेखापरीक्षण प्रतिवेदन र अन्य जवाफदेहितासम्बन्धी प्रतिवेदन अनुमोदन गर्ने प्रयोजनका लागि साधारण सभा
- **सेप्टेम्बर २०२२ – मार्च २०२३ :** सन् २०२३ को अक्टोबर वा नोभेम्बरमा आयोजना गरिने साधारण सभामा प्रस्तुत गर्ने गरी राष्ट्रिय रणनीतिक खाकाका लागि परामर्श, प्रोटोटाइपिङ्ग र मस्यौदा गर्ने

- **नोभेम्बर २०२२ – मार्च २०२३ :** अन्तर्राष्ट्रिय सचिवालयसँगको परामर्शमा एम्नेस्टी नेपालको सदस्यता प्रणालीको पुनरावलोकन गर्ने
- **अप्रिल २०२३ – अगष्ट २०२३ :** रणनीतिक लक्ष्य र सदस्यता प्रणालीको पुनरावलोकनसम्बन्धी प्रस्तावलाई अन्तिम रूप दिने
- **सेप्टेम्बर, अक्टोबर वा नोभेम्बर २०२३ :** ३२ औं साधारण सभा : रणनीतिक लक्ष र सदस्यता पुनरावलोकन प्रस्तावमा छलफल गरी अनुमोदन गर्ने र अन्य नियमित निर्णयहरू गर्ने
- **डिसेम्बर २०२३ पछि:** ३२ औं साधारण सभाबाट पारित गरिएको संरचनागत परिवर्तन र रणनीतिलाई कार्यान्वयन गर्ने; सदस्य र समर्थकहरूको क्षमता अभिवृद्धि, तालिम, परिचालन र सशक्तिकरण
- **जनवरी २०२४ –अगस्ट २०२४:** नयाँ रणनीति र परिवर्तित संरचनाअनुसार एम्नेस्टी नेपाल मुभमेन्टलाई सबलीकरण गर्ने
- **सेप्टेम्बर, अक्टोबर वा नोभेम्बर २०२४:** ३३ औं साधारण सभा, नयाँ बोर्डको निर्वाचन र ह्यान्डओभर

एम्नेस्टी नेपालको संस्थागत सुधार र सबलीकरणको लागि तय गरी अन्तर्राष्ट्रिय बोर्डबाट समेत स्वीकृत भइसकेको उल्लिखित मार्गचित्र र समयरेखासहितको कार्यदिशलाई कार्यान्वयन गर्ने नेसनल बोर्डको रणनीतिक कदममा सँगसँगै अगाडि बढ्न र एम्नेस्टी नेपाललाई थप सशक्त, जुझारु र मानवअधिकार लक्ष्यकेन्द्रित बनाउन नेसनल बोर्डले सबैको पूर्ण साथ, सहयोग र सुभेच्छाको अपेक्षा गरेको विषय महासचिव कुईंकेलले सभालाई अनुरोध गर्नुभयो। त्यसपछि संस्थाको आ.व. २०७८/७९ को भौतिक संपरीक्षण र लेखा परीक्षण कार्य सम्पन्न गरिएको बारेमा पनि जानकारी गराउँदै पुनः सबैलाई धन्यवाद व्यक्त गर्दै आफ्नो प्रस्तुतिको अन्त्य गर्नुभयो।

त्यसपछि साधारण सभाका अध्यक्ष पार्वता आचार्यले उपमहासचिव होम बहादुर अधिकारीलाई नेसनल बोर्डले पठाएको प्रतिवेदनको जवाफमा २७ अक्टोबर २०२२ मा इन्टरनेसनल बोर्डका अध्यक्षले एम्नेस्टी नेपाल शाखालाई लेखेको पत्र पढेर सभालाई सुनाउन अनुरोध गर्नुभयो। त्यसपछि उपमहासचिव अधिकारीले उक्त पत्र पढेर सुनाउनुभयो। उपमहासचिव अधिकारीले पत्र वाचन गरेर सुनाउनुभएपछि सभाअध्यक्षले निर्देशक निराजन थपलियालाई उक्त पत्रलाई नेपालीमा अनुवाद गरी सुनाउन अनुरोध गर्नुभयो।

त्यसपश्चात् सभा अध्यक्ष आचार्यले महासचिवद्वार प्रस्तुत गरिएको नेसनल बोर्डको प्रतिवेदनका बारेमा प्रश्न वा जिज्ञासा भए नाम टिपाई सो राख्नका लागि सहभागी प्रतिनिधिलाई समय प्रदान गर्नुभयो।

त्यसमा तपसिलका प्रतिनिधिहरूले देहायको जिज्ञासा राख्नुभयो।

<u>तपसिल</u>

१) ठक्कर बोहोरा, समूह ७१: मेम्बरसिप पुनरावलोकनका बारेमा अलिकति अष्पस्टता भएकोले स्पष्ट पारिदिनुहुन अनुरोध।

२) गिता दाहल, समुह ५५: साधारण सभाको समय एक दिन थप्नु भएको भए राम्रो हुने थियो। त्यस्तै मानवअधिकार शिक्षाअन्तर्गत समूहले गरेका गतिविधिहरू पनि प्रतिवेदनमा समावेश गर्नुभएको भए राम्रो हुन्थ्यो। शहरमूखी अभियान अलि बढी भएको हो की। त्यस्तै समूहको सदस्यता सङ्ख्यामा पुनर्विचार गर्नुपर्ने हो की। समूहका लागि केन्द्रबाट के कति सहयोग भएको छ त्यसका बारेमा पनि जानकारी गराउन अनुरोध छ।

३) मिना साह, समूह ७: मानवअधिकारलाई व्यवहारमा तहमा अनुभूत गर्नका लागि ग्रामिण तहमा लैजान सक्नुपर्छ। गाउँ गाउँका मानिसले बुझेमा मात्र मानवअधिकारको महशुस हुन्छ।

